नेपालमा

# सरसफाइका अनुसरणयोग्य अवधारणा तथा सिकाईहरुसम्बन्धी परिसंवाद कार्यक्रम

सारसंक्षेप

२०६६ असार

# नेपालमा सरसफाइका अनुसरणयोग्य अवधारणा तथा सिकाईहरूसम्बन्धी परिसंवाद कार्यक्रम

## सारसंक्षेप

**संयोजन**

भरतप्रसाद भट्ट

**सम्पादन**

भरत अधिकारी

**सार्वजनिक संवादका आयोजक संस्थाहरू**

☞ केयर नेपाल, आशा कार्यक्रम, नेपालगञ्ज, बाँके

☞ नेपाल स्वास्थ्यको लागि पानी (नेवा), मध्य तथा सुदुर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज, बाँके

☞ ग्रामीण जलस्रोत व्यवस्थापन आयोजना

☞ कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक)

☞ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाँके

*यस पुस्तिकामा प्रकाशित कार्यपत्रका केही वा पूरै अंश उद्धृत गर्नु परेमा प्रस्तोताको नाम तथा स्रोत उल्लेख गरिदिनु हुन अनुरोध छ - सम्पादक*

# विषयसूचि

☞ भूमिका पृष्ठ क

☞ यस पुस्तिकाका सम्बन्धमा पृष्ठ ख

☞ कार्यक्रम शुभारम्भ तथा स्वागत मन्तव्य पृष्ठ १

☞ समुदायको अगुवाईमा पूर्ण सरसफाइ अभियानमा केयर नेपाल, समुदाय सहयोग (आशा) कार्यक्रमको कार्यप्रक्रिया पृष्ठ २

☞ विद्यालयको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ कार्यक्रम: अनुभव र सिकाईहरू पृष्ठ ७

☞ पूर्ण सरसफाइ अभियानमा कालिका विकास केन्द्र नेपालले हासिल गरेका अनुभव र सिकाईहरू पृष्ठ ८

☞ प्युठान घोषणापत्र २०६५ पृष्ठ ११

☞ समुदायको अगुवाईमा सबैको लागि आधारभूत सरसफाइ पद्धति **(CLBSA)** औचित्य र सान्दर्भिकता पृष्ठ १२

☞ संक्षेपीकरण तथा उपसंहार पृष्ठ १६

# भूमिका

नेपालले वि.सं. २०७३ सम्ममा सबैका लागि आधारभूत सरसफाइ सुविधा पुऱ्याउने राष्ट्रिय लक्ष्य लिएको छ। सरसफाइको सुविधा प्राप्त गर्नु प्रत्येक नागरिकको नैर्सिगक अधिकार हो। तर यो अधिकार प्राप्तिका लागि प्रत्येक नागरिक स्वयं प्रयत्नशील हुनु पर्दछ। यसो भएमा मात्र सरकारले लिएको लक्ष्य पूरा हुन सक्छ। सरसफाइ मानिसको आत्मसम्मान बढाउने विषय पनि हो। त्यसैले यसको प्रवर्धनका लागि व्यक्ति, परिवार, समुदाय तथा राज्यको समान दायित्व हुनु आवश्यक छ।

हाम्रो देशमा सरसफाइको अवस्था ज्यादै नाजुक छ। त्यसमा पनि सामाजिक रूपमा पछाडि पारिएका वर्गको सरसफाइका सुविधामा ज्यादै कम पहुँच छ। मानिसहरूको सरसफाइसम्बन्धी ज्ञान र व्यवहार बीचमा ठूलो अन्तर छ। कमजोर सूचना व्यवस्थापन प्रणाली, सरकारको नीति र कार्यान्वयन पक्षमा भएको अन्तर, विकास कार्यमा संलग्न संस्थाहरू बीचमा समन्वयको अभाव, यस्ता संस्थाहरूको अनुदान नीतिमा भएको अनेकता, सरसफाइलाई विकासका अन्य कार्यक्रमको तुलनामा कम प्राथमिकता दिइनु, मानिसहरूमा अत्याधुनिक विकासप्रतिको उच्च महत्वाकांक्षा हुनु, राजनैतिक प्रतिद्धतामा कमी जस्ता अवस्थाहरू सरसफाइको राष्ट्रिय लक्ष्य प्राप्तिमा बाधक साबित भएका छन्।

नेपाल सरकार तथा खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत अन्य संघ संस्थाहरूको प्रयासका वावजुद अपेक्षा गरिएका उपलब्धिहरू प्राप्त नहुनुमा माथि उल्लेख गरिएका चुनौतीहरूले असर पारिरहेका छन्। हाम्रो देशमा सरसफाइको अभावले लाग्ने रोगव्याधिका कारणले बर्सेनी पाँच वर्ष उमेर नपुगेका १३ हजार बालबालिकाहरूको मृत्यु भइरहेको छ। यसप्रति नेपाल सरकार, राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय तहका गैरसरकारी संघ संस्था, नागरिक समाज, राजनितिककर्मी, समुदाय सबै सचेत भई सरसफाइको अभावबाट हुनसक्ने महामारी तथा दीर्घकालीन असरबाट देशलाई बचाउन अग्रसर हुनु पर्ने आवश्यकता छ।

सरसफाइसम्बन्धी राष्ट्रिय लक्ष्य पूरा गर्न समुदायको सशक्तिकरण, सहभागितात्मक कार्यप्रणाली, दिगो व्यावहारिक परिवर्तनसम्बन्धी सोच, न्यून अनुदान नीति, सस्तो एवं सुलभ प्रविधि, पुरानो परम्पराको सोचमा परिवर्तन, महँगो प्रविधिको विकल्प, विशिष्ट प्राविधिकहरूको परिचालन, सुशासनमा जोड, प्रोत्साहन र सम्मान, चर्पीको प्रयोगलाई आत्मसम्मानसँग जोड्ने वातावरणको सृजना, सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको समन्वयात्मक सञ्चालन एवं विस्तार अनुसन्धानमूलक गतिविधि संचालन एवं सिकाईको आदानप्रदान जस्ता सोच तथा पद्धतिहरूको आवश्यकता छ।

यस परिप्रेक्ष्यमा खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संस्थाहरूले अवलम्वन गरेका प्रक्रिया रत्यसबाट प्राप्त उपलब्धि एवं सिकाईहरूको आदान प्रदान गर्ने उद्देश्यले यही २०६६ वैशाख १० गते नेपालगञ्जमा एक परिसंवादको आयोजना गरिएको थियो। यो पुस्तिकामा सोही परिसंवादमा प्रस्तुत भएका कार्यपत्र र उल्लेख गरिएका प्रक्रियाहरू सारसंक्षेप उल्लेख गरिएको छ। यी जानकारीहरू खानेपानी तथा सरसफाइका क्षेत्रका सरोकारवालाहरूका लागि उपयोगी हुने विश्वास लिएको छु।

**द्रोण कोइराला**
**टिम लिडर,**
**केयर नेपाल**
**समुदाय सहयोग (आशा) कार्यक्रम**
**नेपालगञ्ज, बाँके**

# यस पुस्तिकाका सम्बन्धमा

हाम्रो देशको सरसफाइ प्रवर्धनका लागि संगठित रूपमा कामको थालनी भएको लामो समय बितिसक्दा पनि अझै जनसंख्याको आधाभन्दा बढी भाग आधारभूत सरसफाइको सुविधाबाट वञ्चित छ। वि.सं. २०७३ सम्ममा सबैलाई सरसफाइको सुविधा उपलब्ध गराउन लक्ष्य हासिल गर्नका लागि आवश्यक स्रोत, साधन र समयसीमाको अपर्याप्तताले यो लक्ष्य हाम्रा लागि चुनौती बनेको छ।

यो चुनौतीको सफलतापूर्वक सामना गर्न नयाँ सोच र रणनीतिअनुरूप अघि बढ्नु आजको आवश्यकता हो। विगत केही वर्षदेखि नेपालमा सरसफाइका क्षेत्रमा केही उल्लेखनीय र गुणस्तरीय कार्यहरू भइरहेका छन्। देशव्यापी रूपमा विभिन्न संघसंस्थाहरूको सहजीकरणमा पूर्ण सरसफाइको अवधारणाअनुरूप भइरहेका कार्यहरूले सरसफाइको अवस्थामा संख्यात्मक र गुणात्मक सुधार ल्याउन थालेका छन्।

सरसफाइका क्षेत्रमा लिइएको राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि यस्ता अवधारणा अनुरूप सञ्चालन गरिने कार्यक्रमलाई अझ व्यापक र सघन रूपले अघि बढाउनु पर्दछ। यसका लागि सरसफाइ प्रवर्धनमा कार्यरत संघसंस्था र सरोकारवालाहरूका बीचमा समन्वय र सहकार्य हुनु आवश्यक छ। सरसफाइ प्रवर्धनका लागि अपनाइने पद्धतिहरूमा एकरूपता, काममा दोहोरोपनको निवारण, काम गर्दा हासिल भएका अनुभव र सिकाईहरूको आदानप्रदानले समन्वय बढाउँछन् र सहकार्यमा मद्दत पुऱ्याउँछन्।

यही सोचअनुरूप केही समय अघि नेपालगञ्जमा सरसफाइ प्रवर्धनका लागि कार्यरत विभिन्न संघसंस्थाहरूको संयुक्त आयोजनामा नेपालमा उपयोगी साबित भएका सरसफाइ पद्धतिहरूका बारेमा एक अर्कामा ज्ञान, अनुभव र सिकाईहरूको आदानप्रदान गर्ने उद्देश्यले एक परिसंवाद कार्यक्रमको आयोजना गरिएको थियो। खानेपानी र सरसफाइ क्षेत्रका सरोकारवालाहरूको उत्साहजनक सहभागिता रहेको उक्त परिसंवाद कार्यक्रममा प्रस्तुत भएका कार्यपत्र, विचार र त्यस अवसरमा भएका छलफलहरू यस क्षेत्रको प्रवर्धनका लागि उर्जासरह हुन्। ती अनुभव र सिकाईहरूको अनुसरणले सरसफाइ प्रवर्धनमा ठूलो टेवा पुऱ्याउने कुरामा कसैको दुईमत हुन सक्दैन।

यो पुस्तिका सोही परिसंवादका महत्वपूर्ण अंशहरू समेटी तयार गरिएको छ। परिसंवाद कार्यक्रमका महत्वपूर्ण सन्देशहरूलाई संश्लेषीकरण गरी यो पुस्तिकाका रूपमा ल्याउन मेहेनत गर्ने साथीहरू धन्यवादका पात्र हुनुहुन्छ। संयुक्त रूपमा परिसंवाद कार्यक्रमका सहआयोजक सम्पूर्ण संघ संस्थाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यो सह-आयोजनाले समन्वय र सहकार्यको उत्तम उदाहरण प्रस्तुत गरेको छ, जसले आगामी दिनमा पनि निरन्तरता पाउनेछ भन्ने कुरामा हामी आशावादी छौं।

**दिनेश उप्रेती**
**क्षेत्रीय प्रबन्धक**
**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**
**मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,**
**नेपालगञ्ज, बाँके**

# कार्यक्रम शुभारम्भ तथा स्वागत मन्तव्य

नेपालमा सरसफाइका अनुसरणयोग्य अवधारणा तथा हासिल भएका सिकाईहरूको आदान प्रदान गरी सरसफाइ प्रवर्धनमा योगदान पुऱ्याउने तथा सरसफाइ क्षेत्रका अभियन्ताहरू, उपभोक्ताहरू, समान सोच भएका संघ-संस्थाहरूबीच सरसफाइसम्बन्धी पद्धतिहरूको अनुसरण र कार्यान्वयनमा एक रूपता ल्याउन मद्दत पुऱ्याउने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रमको शुभारम्भ तथा स्वागत मन्तव्य व्यक्त गर्दै केएर नेपाल, आशा कार्यक्रम, नेपालगञ्जका टिम लिडर द्रोण कोइरालाले सरसफाइको अवस्था नाजुक भएको अहिलेको अवस्थामा सरसफाइ प्रवर्धनका लागि समुदायमा भएका सफल र प्रभावकारी कार्यहरू तथा तिनबाट सिकिएका पाठ र हासिल गरिएका अनुभवहरूको आदानप्रदानबाट यस क्षेत्रको विकासमा मद्दत पुग्ने धारणा व्यक्त गर्नुभयो। उहाँले यस क्षेत्रमा भएका राम्रा कामको अनुसरण गर्न सकेमा खानेपानी र सरसफाइ बीचमा व्याप्त दूरीलाई कम गरी सरसफाइ प्रवर्धनमा उल्लेखनीय उपलब्धि हासिल हुने विचार व्यक्त गर्नुभयो।

केएर नेपाल, आशा कार्यक्रम, ग्रामीण जलस्रोत व्यवस्थापन आयोजना, कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक), खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बाँके तथा २, नेपाल स्वास्थ्यको लागि पानी (नेवा), मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालयद्वारा संयुक्त रूपमा आयोजित यस परिसंवाद कार्यक्रमको व्यवस्थापन नेवाले गरेको थियो।

विभिन्न समुदाय तथा संघ संस्थाको उल्लेख्य रूपमा सहभागिता रहेको यस कार्यक्रममा सहभागीहरूद्वारा आ-आफ्नो समुदायमा सरसफाइ क्रियाकलापलाई अघि बढाउन भए गरिएका प्रयास तथा स्थानीय समुदायमा कार्यरत संघ संस्थाहरूको प्रयासहरूका बारेमा ज्ञान तथा जानकारी आदन प्रदान गरिएको थियो। यसैगरी खानेपानी सरसफाइ क्षेत्रमा कार्यरत संस्थाहरूद्वारा नेपाल सरकारले लिएको राष्ट्रिय लक्ष्य पूरा गर्न आगामी दिनमा तय गर्नु पर्ने कार्यदिशा प्रस्तुत गरिएको थियो।

# समुदायको अगुवाईमा पूर्ण सरसफाइ अभियानमा केयर नेपाल, समुदाय सहयोग (आशा) कार्यक्रमको कार्यप्रक्रिया

सन् २००४ देखि गरीबी र द्वन्द्वका कारणहरूलाई न्यूनीकरण गर्ने लक्ष्य सहित पश्चिमाञ्चलको गोरखा, मध्य पश्चिमाञ्चलको कालीकोट र प्युठान तथा सुदूर पश्चिमाञ्चलको डोटी, डडेलधुरा, अछाम, बाजुरा, बझाङ र दार्चुला जिल्लाहरूमा डि.एफ.आई.डी नेपालको सहयोग मार्फत केयर नेपाल र स्थानीय गैर सरकारी संस्थासँगको रणनैतिक साझेदारीमा समुदाय सहयोग (आशा) कार्यक्रम सञ्चालन भइरहेको छ।

जन सङ्गठनको विकास र अधिकारको अभ्यासलाई सुदृढ गर्दै नीति निर्माताहरूलाई प्रभावित गर्ने र विद्यमान शक्ति संरचनामा रूपान्तरण गरी अधिकार विहीनहरूको अधिकारलाई सुनिश्चित गर्दै सम्मानित जीवनयापनको अवसरको सिर्जना गर्नुपर्ने आवश्यकता महशुस गरी केयर नेपालले सन् २००० देखि नै यो अवधारणा अनुरूप कार्य गर्दै आइरहेको छ। समुदाय सहयोग (आशा) कार्यक्रम यही अवधारणाअनुरूप सञ्चालित कार्यक्रम हो। समुदायकै अगुवाईमा विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गरी महिला, गरीब, समाजमा पछाडी पारिएका, दलित, जनजाति वर्गका सवालहरूलाई सम्बोधन गर्ने, तिनको आधारभूत अधिकार सुनिश्चित गर्ने र सशक्तिकरण गर्ने आयोजनाको कार्यक्रम रहेको छ। समुदाय सहयोग (आशा) कार्यक्रमले सरसफाइको सवाल मानव स्वास्थ्यका अतिरिक्त आत्मसम्मान र विकाससँग जोडिएको विषय पनि हो भन्ने कुरालाई हृदयङ्गम गरी सरसफाइलाई विकासको एउटा मुख्यं मुद्दा बनाउँदै विगत एक वर्ष देखि समुदायको अगुवाईमा पूर्ण सरसफाइको अवधारणा अन्तर्गत टोल, गाउँ, गाविस हुँदै जिल्लालाई नै खुल्ला दिसा मुक्त क्षेत्र घोषणाको अभियान सञ्चालन गर्दै आइरहेको छ।

## पृष्ठभूमि

सन् २०१५ सम्ममा खानेपानी र सरसफाइको सुविधाबाट वञ्चित जनसंख्यालाई आधा कम गर्ने सहस्राब्दी विकास लक्ष्य प्राप्ति गर्ने कुरामा नेपालले प्रतिबद्धता जनाए पनि नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २००६ का अनुसार अझसम्म ५४ प्रतिशत मानिसहरू खुल्ला ठाउँमै दिसापिसाब गर्न बाध्य छन्। नेपालीहरूको मृत्युको प्रमुख कारणमध्ये उचित सरसफाइको अभावका कारणले गर्दा लाग्ने रोगहरू पनि हुन्। घर र विद्यालयको अपर्याप्त सरसफाइका कारण महिला र बालबालिका सबैभन्दा बढी पीडित बन्ने गरेका छन्। अपर्याप्त सरसफाइकै कारणले गर्दा लाग्ने रोगव्याधिका कारणले खेर जाने उत्पादनशील दिनहरू तथा बिरामीको उपचारमा लाग्ने खर्चको अनुमान गर्ने हो भने नेपालले बर्सेनी ११ अर्ब रूपैयाँबराबरको नोक्सानी व्योहोर्नु परिरहेको छ (NLSS 2004)। यो अवस्था उत्पन्न हुनुका प्रमुख कारणमा ग्रामीण र शहरी क्षेत्रमा बसोबास गर्ने विपन्न, जोखिममा परेका र सामाजिक मूलधारबाट अलग पारिएका वर्गहरूमा पर्याप्त मात्रामा चेतनाको अभावका कारण सरसफाइको अभाव र सरसफाइका दिगो विकल्पहरू नहुनु प्रमुख हुन्। देशको सरसफाइको अवस्थामा सुधार ल्याउन नीति निर्माता र राजनैतिक नेतृत्वको उदासीनता तथा कतिपय चालचलन पनि सरसफाइको प्रवर्धनका लागि बाधक बनेका छन्।

समुदायको अगुवाईमा पूर्ण सरसफाइको अवधारणाले समुदायका सदस्यको बानी व्यवहारले समग्र समाजको सामाजिकीकरण र समाजका अन्य सदस्यको स्वास्थ्य र हैसियतमा प्रत्यक्ष प्रभाव पार्दछ भन्ने तत्थ्यलाई उजागर गर्दछ। नयाँ नेपालको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक अग्रगमनको अवस्थालाई गुणात्मक बनाई दिगो र सन्तुलित विकासको मूलधारमा ग्रामीण समुदायलाई मूलप्रवाहीकरण गर्नु समयको माग हो। यसका लागि समग्र प्रशासनिक तथा राजनैतिक संरचना परिवर्तन गर्ने प्रकृतिका अधिकारमुखी विकास पद्धति मार्फत सचेतीकरण र क्षमता विकासका लागि जिल्ला तथा गाउँ विकास समिति स्तरको

आवधिक योजना तथा वार्षिक क्रियाकलापलाई आकर्षित गर्नु पर्ने हुन्छ। विकेन्द्रीकरणको आधारभूत सिद्धान्तलाई जस्ताको तस्तै व्यवहारमा उतार्ने कार्ययोजना निर्माणका लागि सरकारसँग विद्यमान नीति नियम लागू गराउन पैरवीका क्रियाकलाप सञ्चालन गर्नु पर्ने हुन्छ।

## प्रवेश विन्दु

नेपालका ग्रामीण क्षेत्रका अधिकांश वासिन्दाहरू खाना, नाना, छाना लगायत शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाजस्ता आधारभूत मानवीय आवश्यकताका अभावका कारण गरीबीको कुचक्रमा फसेका छन्। सामाजिक कुसंस्कारको जालो हट्न नसक्नु, चेतनाको स्तरमा वृद्धि नहुनु, आर्थिक रूपमा कमजोर हुँदै जानु, विकासका मूलधारबाट अलग्गिनु जस्ता कारणहरूले उनीहरूको जीवन झन् कष्टकर बन्दै गइरहेको छ। जिल्ला खानेपानी डिभिजन र सव डिभिजनको तथ्यांकअनुसार जिल्लागत खानेपानी तथा सरसफाइको पहुँचको तहलाई हेर्दा क्रमश: ७१.५६ प्रतिशत र २५.०४ प्रतिशत रहेको छ। यसरी हेर्दा खानेपानी र सरसफाइ सुविधा प्राप्तिको अन्तर अत्याधिक अर्थात् ४६.५२ प्रतिशत रहेको अवस्थामा समुदाय सहयोग (आशा) कार्यक्रमले राष्ट्रिय लक्ष तथा सहस्राव्दी विकास लक्षमा समेत सकारात्मक प्रभाव पार्ने हेतुले आर्थिक वर्ष सन २००७ देखि यो कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। सामाजिक, आर्थिक तथा सेवामाथिको पहुँचमा जातीय, वर्गीय तथा लैङ्गिक तवरबाट पछाडि पारिएका समुदायहरूलाई सशक्त बनाई विकासको मूल प्रवाहमा ल्याउने अभियानलाई सहजीकरण गर्न समुदाय सहयोग (आशा) कार्यक्रम लगायत केएर नेपालका विभिन्न अन्य आयोजनाहरूले जनमुखी शिक्षाको 'रिफ्लेक्ट मोडेल' अन्तर्गत शान्ति प्रवर्धन केन्द्र सञ्चालन गरिरहेका छन्।

समुदायमा विद्यमान विभिन्न सामाजिक अन्यायका रूपमा रहेका संरचनागत विभेद तथा हालका जल्दाबल्दा सवालहरूमा व्यापक छलफल गर्दै समुदायलाई सशक्तीकरण तथा सचेतीकरण गर्नु यसको मुख्य उद्देश्य रहेको छ। स्थानीय स्रोत व्यक्तिको सहजीकरणमा अधिकारबाट वञ्चित र आवाजविहीन समुदायलाई अधिकार, जल्दाबल्दा सामाजिक सवालहरूमा केन्द्रित अभियानमा सहभागितामा वृद्धि गदै उनीहरूको आधारभूत जीविकोपार्जन र सरसफाइको सुविधा उपभोगमा सहजता ल्याउने, द्वन्द्वका कारणबाट छिन्नभिन्न भएको सामाजिक सम्बन्धमा सुधार र आपसी विश्वासमा वृद्धि गर्नका लागि योजनाबद्ध तवरले अगाडि बढाउने कार्यमा यस्ता केन्द्रहरूले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्। शान्ति प्रवर्धन केन्द्रमा सहभागी महिला तथा पुरुषहरूको जनमुखी सीप र अभ्यासमा अभिवृद्धि गरी त्यसलाई जीवन र जीविकासँग जोडिएका व्यावहारिक सवाल र सामाजिक न्यायमुखी अभियान सञ्चालन गरिएको छ। समुदाय सहयोग (आशा) कार्यक्रमले यही केन्द्र मार्फत समुदायको अगुवाईमा पूर्ण सरसफाइको अवधारणालाई केन्द्रीय अभियानका रूपमा अघि बढाउने रणनीति लिएको छ।

## प्रक्रिया

समुदाय सहयोग (आशा) कार्यक्रमले समुदायको अगुवाइमा पूर्ण सरसफाइ अभियानलाई अघि बढाउन शान्ति प्रवर्द्धन केन्द्र मार्फत क्षमता अभिवृद्धिका क्रियाकलापहरू एवं जागृतिमूलक सहभागितात्मक ग्रामीण लेखाजोखाका साधनहरूको उपयोगलाई सहजीकरण गर्दै आएको छ। यस अभियानमा थप उर्जा प्रदान गर्नका लागि जिल्ला स्तरमा पनि विभिन्न अन्तरक्रिया मार्फत सहकार्यको खोजी भएका छन्। यसका साथै शान्ति प्रवर्धन केन्द्रको केन्द्रविन्दुमा रहेको सरसफाइ र जिल्लालाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने अभियानमा सञ्चारमाध्यमको भूमिका समेत महत्वपूर्ण रहेको छ। स्थानीय सामुदायिक एफ. एम. रेडियो मार्फत अभियान प्रवर्धनमा सघाउ पुग्ने कार्यक्रमहरू समेत सञ्चालन गरिएका छन्। यसका साथै अभियानमा सहभागी सबै क्षेत्रका प्रयासहरूलाई प्रोत्साहन हुने गरी सूचना र जानकारीमूलक पाटीहरू राख्ने व्यवस्था गरिएको छ। समुदायको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्न निम्न प्रक्रियाहरूलाई अवलम्बन गरिएको छ :

- जन सङ्गठनको विस्तार र बृहत्तर जनमतको सिर्जना
- सामुदायिक सहभागिता र स्व-आविष्कार
- समग्र समुदायमुखी अवधारणाको अवलम्वन
- समग्र सचेतीकरणको अवधारणाको अवलम्वन
- क्षमता विकास, सशक्तिकरण र अभ्यास
- स्थानीय स्रोत व्यक्तिको विकास र परिचालन
- एकीकृत अभियान तथा सञ्जालको विकास
- सवालगत अभियान तथा पैरवी कार्यक्रम सञ्चालन
- स्थानीय स्रोत साधनको अधिकतम प्रयोग
- प्रक्रियागत कार्य संरचनाको विकास
- स्वावलम्बी पद्धतिको प्रवर्धन
- गाविस, जिविस तथा अन्य संघसंस्थासँग सहकार्य
- सञ्चार मााध्यमको सहभागिता
- अवस्थामा भन्दा हैसियतमा परिवर्तनको अपेक्षा

## समुदायको अगुवाइमा पूर्ण सरसफाइ कार्यक्रमका चरणहरू

### १ विकासको चरण

यस तहमा सचेतना, क्षमता विकास, जनसङ्गठनको विकास र विस्तार, जनमतको दायराको विकास, सवालको पहिचान, सर्वेक्षण, जागृतिमूलक विधिहरूको प्रयोग, कार्ययोजनाको खाका तयारी, अभ्यासका लागि आधारशीलाको विकास जस्ता क्रियाकलापहरू मार्फत समुदायको प्रतिबद्धता र आत्मविश्वास बढाइन्छ। यसबाट पूर्ण सरसफाइ अभियानमा समुदाय आफैले नेतृत्व लिन सक्ने वातावरणको सिर्जना हुन्छ।

### २ प्रवर्धन/कार्यान्वयन चरण

आयोजना मार्फत सरसफाइको मोडेलमा सहभागीमूलक छलफल, विकल्प पहिचान, निर्णय गर्न सहजीकरणका लागि स्थानीय सहजकर्ता परिचालन मार्फत कुसंस्कारको न्यूनीकरण र वहुल संस्कृतिको प्रवर्धन गर्ने, आलोचनात्मक विश्लेषणमा सहयोग पुऱ्याउने, आन्तरिक शक्तिलाई भरोसा दिने, आँट भर्ने र उर्जा थप्ने खालको निरन्तर प्रक्रियामा समुदायको सहभागिता प्रबर्द्धन गर्ने कार्य गरिन्छ। यसबाहेक अभियान प्रबर्द्धनका लागि सञ्चार माध्यमको प्रयोग, गाउँ तथा जिल्ला स्तरमा समुदायको अगुवाइमा पूर्ण सरसफाइबारे अन्तरक्रिया र सहकार्य तथा साझेदारको खोजी, नीति निर्मातालाई प्रभावित पार्ने पैरवी कार्यक्रम सञ्चालन, होर्डिङ वोर्ड, ऱ्याली, घरदैलो कार्यक्रम सञ्चालनलाई यस तहमा प्राथमिकता दिइन्छ।

### ३ कार्य योजना

यस तहमा अभियानका लागि समय, स्थान, खर्च, काम, अनुगमन जिम्मेवारी, आईपर्न सक्ने जोखिमहरू, उपलब्धि मापन सूचकको निर्धारण गरी क्रमबद्ध ढाँचामा कार्ययोजना तयारी, प्रचार प्रसार, घरपरिवार तहबाट कार्ययोजना कार्यान्वयनको थालनी र विस्तार गरिन्छ।

### ४ अनुगमन तथा प्रवर्धन

खुल्ला दिसा मुक्त क्षेत्रका लागि मापदण्ड अनुसार सामुदायिक अनुगमन गर्न उत्प्रेरित गरिन्छ। यसका साथै अभियान विस्तारका लागि प्रचार प्रसार, घरपरिवार तहबाट कार्ययोजना कार्यान्वयन र विस्तार, पैरवी कार्यक्रम सञ्चालन, होर्डिङ बोर्ड, ऱ्याली, घरदैलो कार्यक्रमलाई निरन्तरता दिइन्छ।

## ५ खुला दिसा मुक्त गाउँ घोषणा

प्रक्रिागत रूपमा जिल्ला स्थित सरोकारवाला, स्थानीय संघसंस्था तथा समुदायको उपस्थितिमा खुला दिसा मुक्त गाउँ घोषणा सभा मार्फत घोषणा र समुदायका सदस्यहरूलाई प्रशंसापत्र प्रदान गरी समुदायको सफलतालाई सम्मान प्रदान गरिन्छ ।

## उपलब्धि

समुदायको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत शान्ति प्रवर्धन केन्द्र मार्फत मार्च २००९ सम्म मा ८ हजार ५ सय ५६ भन्दा वढी घरेलु शौचालय र विद्यालय व्यवस्थापन र स्वास्थ्य व्यवस्थापन समिति मार्फत ८१ वटा विद्यालय र १७ वटा स्वास्थ्य चौकीमा शौचालय बनाउने योजना कार्यान्वयन भएको छ । शान्ति प्रवर्धन केन्द्र मार्फत गाउँलाई खुल्ला दिसा मुक्त गर्ने अभियानमा अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ तथा राष्ट्रिय सरसफाइ सप्ताहको अवसरमा अमृत शान्ति प्रवर्धन केन्द्र प्युठान, प्रगतिशील शान्ति प्रवर्धन केन्द्र कालीकोट, जलदेवी शान्ति प्रवर्धन केन्द्र, गोरखा, सुकुम्बासी शान्ति प्रवर्धन केन्द्र, गोरखाको अगुवाईमा खानेपानी तथा सरसफाइ इकाई कार्यालय, र केयर नेपालका स्थानीय साझेदार संस्थाको पहलमा करिव १३ महिना अघि सुरु भएको यो अभियान अन्तर्गत मार्च २००९ सम्म आइपुग्दा प्युठान जिल्लाको बिजुवारस्थित इन्द्रे डाँडा, गोरखा जिल्लाको मनकामनास्थित केउरपानी, ध्याल्चोकस्थित सुकुम्बासी टोल तथा फिनाम गाविस खुल्ला दिसा मुक्त क्षेत्र घोषित भइसकेका छन् । यसैगरी कालीकोट जिल्लाको जिम्जेडी, माल्कोट - ५, डाँडागाउँ, माल्कोट - ३ अन्तर्गतकै चौथाटोल कुमालगाउँ तथा लालु-५ को वडा स्तर खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भइसको छन् । यसैगरी बझाङ जिल्लाको डाँडापानी मूल, मेलबिसौना क्षेत्र पनि खुल्ला दिसा मुक्त क्षेत्र घोषित भइसकेका छन् ।

यसै बीच प्युठान, कालीकोट र गोरखा जिल्लामा शान्ति प्रवर्धन केन्द्र सञ्जालको अगुवाईमा जिल्लास्थित सरकारी तथा गैरसरकारी सरोकारवाला संस्थाको सहभागितामा खुल्ला दिशा मुक्त क्षेत्र घोषणाका लागि रणनैतिक कार्ययोजना तयार भई कार्यान्वयनको तहमा पुगेको छ ।

## समुदायको अगुवाईमा दिसा मुक्त क्षेत्रको रूपमा घोषणाको तयारी अवस्थामा भएका गाउँ तथा गाविसहरू तथा सहजकर्ता संस्थाहरू

- रजवारा गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (कालिका, प्युठान)
- धारी गाविस खुल्ला दिसा मुक्त क्षेत्र, दार्चुला (सिआरडीएस, दार्चुला)
- फोइ महादेव खुल्ला दिसा मुक्त क्षेत्र, कालीकोट (किर्डाक, कालीकोट)
- मान्मा खुल्ला दिसा मुक्त क्षेत्र, कालीकोट (किर्डाक, कालीकोट)
- चुजा गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (रेडक्रस, प्युठान)
- धरमपानी गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (रेडक्रस, प्युठान)
- रस्पुरकोट गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (रेडक्रस, प्युठान)
- खैरा गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (फूलबारी, प्युठान)
- बिजुली गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (फूलबारी, प्युठान)
- खलङ्गा गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (मल्लरानी, प्युठान)
- बिजुवार गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (कालिका, प्युठान)
- विजयनगर गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (गणेश सा.वि,.प्युठान)
- दाखाक्वाडी गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (सिद्धार्थ, प्युठान)
- धर्मावती गाविस खुल्ला दिसा मुक्त क्षेत्र प्युठान (जनविकास, प्युठान)
- मान्म-५, चिनाडी, कोइरलगाउँ, कालीकोट (किर्डाक, कालीकोट)

- मालकोट-५ राताखाल कालीकोट (किर्डाक, कालीकोट)
- मालकोट गाविस खुल्ला दिसा मुक्त क्षेत्र कालीकोट (किर्डाक, कालीकोट)
- कुमालगाउँ गाविस खुल्ला दिसा मुक्त क्षेत्र कालीकोट (किर्डाक, कालीकोट)
- लालु गाविस खुल्ला दिसा मुक्त क्षेत्र कालीकोट (किर्डाक, कालीकोट)
- भर्ता गाविस खुल्ला दिसा मुक्त क्षेत्र कालीकोट (जिल्ला खानेपानी, कालीकोट)

## भविष्यको कार्यदिशा

समुदायको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रमलाई एकीकृत गरी अन्य कार्यक्रम तथा समुदायको जीविकोपार्जनका सवालसँग जोडेर अगाडि बढाउँदा यो अभियान बढी सफल हुने अनुभवलाई दृष्टिगत गरी एकीकृत स्वरूपका कार्यक्रम सञ्चालनमा जोड दिइने कार्यक्रम रहेको छ। विपन्न तथा अवसरबाट वञ्चित वर्गको पक्षमा बनेका नीतिहरूको कार्यान्वयन तथा नीतिगत तहमा नसमेटिएका विषयलाई नीति निर्माण गर्न आवश्यक पैरवी, अभियान र दवावमूलक क्रियाकलापहरू सञ्चालन गर्ने, सवालमा कार्य गर्ने संघसंस्थासँगको सहभागितामा अभियान सञ्चालन गर्न सामुदायिक पहल कदमीको प्रवर्द्धन गरिनेछ। यसका साथै सञ्चार माध्यमको सहकार्यलाई अभियानको अंश बनाउने वातावरणको सिर्जना गरिनेछ। विभिन्न अभियानहरूका साथसाथै समुदायको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रमलाई केन्दीय अभियानको रूपमा विकास गरी लगिनेछ। गाविस तथा जिल्ला स्तरमा पूर्ण सरसफाइलाई अभियानको रूपमा कार्यान्वयन गर्ने र प्रत्येक टोल, गाउँ, वडा र गाविसलाई खुल्ला दिशा पिसाब मुक्त क्षेत्र घोषणा गर्दै अन्ततः जिल्लालाई नै खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने अभियानमा सम्पूर्ण पक्षको ऐक्यबद्धता हुनु आजको आवश्यकता हो।

**उमेश श्रेष्ठ**
**संस्थागत विकास तथा तालिम अधिकृत**
**समुदाय सहयोग (आशा) कार्यक्रम**
**केयर नेपाल**

# विद्यालयको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ कार्यक्रमका अनुभव र सिकाईहरू

विद्यालयको अगुवाईमा पूर्ण सरसफाइ पद्धति पूर्ण सरसफाइ पद्धतिकै एक संस्करण हो । यस पद्धतिअनुसार विद्यालयलाई प्रवेश विन्दु बनाई विद्यालय सेवाक्षेत्रमा सरसफाइ प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिन्छ । विद्यालय समुदायको सम्मानित संस्था हो । शिक्षकवर्ग तथा विद्यालय व्यवस्थापन समिति समुदायका लागि पथ प्रदर्शक हुन् भने विद्यार्थीहरू परिवर्तनका संवाहक हुन् । उनीहरूले आफूले सिकेको कुरा अरुलाई, खासगरी आफ्नो घरमा अभिभावकलाई सिकाउन र अनुसरण गराउन सक्छन् ।

नेपालमा सरसफाइको लक्ष्य हासिल गर्न व्यक्त गरिएका प्रतिबद्धतालाई यथार्थमा परिवर्तन गर्नुपर्ने चुनौती हाम्रा सामुन्ने छ । यो प्रतिबद्धता पूरा गर्न चाहिने यथेष्ट राजनैतिक प्रतिबद्धता हासिल हुन सकेको छैन । सरसफाइ प्रवर्धनका लागि उपयुक्त नियम कानुनको कमी छ । भएकै कानुनहरूको कार्यान्वयन पक्ष फितलो भएकाले अपेक्षित उपलब्धि हासिल हुन सकिरहेको छैन । उचित सरसफाइको सुविधा पाउनु मानिसको आधारभूत अधिकार हो भन्ने तथ्य अझसम्म स्थापित हुन नसक्नु अर्को विडम्बना हो । सरसफाइ क्षेत्रमा लगानी तथा उपलब्ध कोष परिचालनको वातावरण कम हुनु, युवा परिचालन तथा उचित शिक्षाको कमी हुनु, कार्यक्रमको अनुगमनमा कमी र विषयगत सूचना आदान प्रदान र सहभागितामा कमी हुनुले सरसफाइ क्षेत्रको प्रगति उत्साहजनक हुन सकेको छैन ।

उल्लिखित परिप्रेक्ष्यमा विद्यालयको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइको अवधारणाले समुदाय तथा विद्यालयमा सरसफाइ कार्यक्रम सञ्चालन गरी झाडापखाला नियन्त्रण गर्ने, बाल मृत्युदरमा कमी ल्याउने, स्वस्थ र सिर्जनशील जनशक्ति निर्माण गर्ने तथा सरसफाइ प्रवर्द्धनमा समुदायको आत्म-जागरण ल्याउने लक्ष्य लिएको छ । यस अवधारणाले विद्यार्थीको भर्ना दरमा वृद्धि गर्ने र बीचमै विद्यालय छोड्ने दरमा कमी ल्याउने, विद्यालय र समुदायको प्रगाढ साझेदारी प्रवर्द्धन गर्ने तथा शिक्षाको गुणस्तर वृद्धि गर्दै विद्यार्थीहरूको सर्वाङ्गीण विकास गर्ने समेत लक्ष्य लिएको छ ।

यस अवधारणाका माध्यमबाट मानिसका सरसफइसम्बन्धी बानी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने, वातावरणीय सरसफाइलाई प्रवर्धन गर्ने, समुदायमा सरसफाइका सुविधाहरू बढाउने, खुला रूपमा तथा खुल्ला ठाउँमा दिसा गर्ने चलनको पूर्ण उन्मूलन गर्ने ध्येय लिइएको छ ।

## कार्यक्रमका रणनीतिहरू

विद्यालयको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ कार्यक्रमले सरोकारवाला व्यक्तिहरूको सहभागिता तथा विभिन्न संघ संस्थाको साझेदारीलाई महत्व दिने, सचेतनाका माध्यमबाट मानिसहरूको बानी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने, स्थानीय स्तरमा उपलब्ध सम्पदा र स्रोत साधन परिचालन गर्ने, राम्रो काम गर्नेलाई सम्मान र पुरस्कृत गर्ने सरकारका स्थानीय निकाय तथा स्थानीय संघसंस्थाहरूको समन्वयमा काम गर्ने रणनीति लिइएको छ ।

## समुदाय स्तरीय कार्यका चरणहरू

विद्यालयको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ अभियान अन्तर्गत समुदाय स्तरमा सञ्चालन गरिने कार्यहरू निम्नलिखित छन् :

- स्थानीय स्तरका सरोकारवालाहरूको पहिचान गर्ने
- बालक्लब, विद्यालय व्यवस्थापन समिति, अ. शि. सं, स्थानीय क्लब र सरोकारवालाहरूसँग साझेदारी कायम गर्ने

- सरसफाइ प्रवर्द्धन कार्यका लागि समुदायको छनोट गर्ने
- समुदायका सदस्यहरूलाई सरसफाइसम्बन्धी जागरुक बनाउन विभिन्न किसिमका जागृतिमूलक साधनहरूको प्रयोग गर्ने र समुदायको चासो र प्रतिक्रिया बुझ्ने
- समुदायले आवश्यकता महशुस गरेको खण्डमा सामुदायिक कार्य समूह गठन गर्ने
- समुदायको सामाजिक नक्सा तयार गर्न सहजीकरण गर्ने
- स्थानीय स्रोत साधनको पहिचान र परिचालन गर्ने
- स्थानीय स्तरको कार्ययोजना निर्माण गर्न सहजीकरण गर्ने
- स्थानीय स्तरको नियम र अनुगमन संयत्र निर्माण गर्न सहजीकरण गर्ने
- शौचालयको उपयुक्त विकल्प छनौट गर्न समुदायलाई सहयोग गर्ने
- समुदायमा शौचालय निर्माण गर्ने
- समुदायले खुला दिसा मुक्त अवस्थाको पहिलो घोषणा गर्ने
- ससरसफाइ प्रवर्धनका लागि समुदायलाई सम्मान गर्ने
- खुला दिसा गर्ने प्रवृत्तिको नियमित अनुगमन गरी पहिलो घोषणा भएको मितिले एक बर्षपछि अन्तिम घोषणा गर्न सहजीकरण गर्ने
- राम्रो काम गर्ने समुदायलाई सम्मान र पुरस्कृत गर्ने
- कार्यक्रमको नियमित अनुगमन गर्ने

यस पद्धतिअनुरूप विद्यालयको सेवा क्षेत्रमा सरसफाइ कार्यक्रमलाई गति दिन विभिन्न जागृतिमूलक उपायहरूको अवलम्बन गर्ने गरिएको छ। जसमा प्रशंसा र सरमपूर्ण हिँडाइ (Walk of Praise and Shame), सामाजिक नक्साङ्कन (Social Mapping), दिसा जाने बाटोको नक्साङ्कन (Defecation Mobility Map), दिसाको लेखाजोखा (Faeces Calculation), दिसा मुखमा पर्ने माध्यमहरू (Flow Diagram), खुला दिसा हुने स्थानमा झण्डा गाड्ने (Flagging on Open Defecation Areas) पर्दछन्। यसका साथै यस कार्यक्रमलाई प्रभावकारी बनाउन शौचालय निर्माण गर्ने मानिसको सार्वजनिक अभिनन्दन गर्ने, खुल्ला ठाउँमा दिसा गर्नेलाई हतोस्ताह गर्न सिठ्ठी बजाउने, खुला दिसा गर्ने मानिसको कार्टुन प्रदर्शन गर्ने, टर्च बाल्ने प्रक्रियाहरू अपनाइने गरिन्छ।

**रामकृष्ण भट्टराई**
**डिभिजन प्रमुख**
**खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**
**नेपालगञ्ज, बाँके**

# पूर्ण सरसफाइ अभियानमा कालिका विकास केन्द्र नेपालले हासिल गरेका अनुभव र सिकाईहरू

कालिका विकास केन्द्र नेपाल प्युठान जिल्लामा कार्यरत गैरसरकारी संस्था हो। यस संस्थाले समुदायमा सरसफाइ प्रवर्धनका लागि गरेका कार्यहरूले एकातिर समुदायहरू सरसफाइयुक्त भएका छन् भने अर्कातिर संस्था स्वयंले यस क्षेत्रमा उपयोगी अनुभव र सिकाईहरू हासिल गरेको छ। यस संस्थाले शान्ति प्रवर्धन केन्द्र, उपभोक्ता समिति तथा सामुदायिक वन उपभोक्ता समूहहरूलाई सहजीकरण गरी समुदायहरूलाई उनीहरूकै अगुवाईमा खुल्ला दिशा मुक्त क्षेत्र बनाउने ध्येयका साथ काम गरिरहेको छ।

समुदायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइको अवधारणाअनुसार यस संस्थाले समुदायमा फोहोरबाट हुने बेफाइदा, फोहोरका कारणले लाग्ने रोगव्याधिको उपचारका लागि लाग्ने रकम आदिका बारेमा पर्याप्त छलफल गरी समुदायका सदस्यहरूलाई फोहोरलाई उचित ठाउँमा विसर्जन गर्न तथा सरसफाइसम्बन्धी आनीबानीको अवलम्बन गर्न उत्प्रेरित गर्न भूमिका निर्वाह गर्दछ।

समुदायको सरसफाइसम्बन्धी अवस्थाबारे जानकारी लिन यस संस्थाले धरातलीय हिँडाई, समुदायमा खानेपानी तथा शौचालयको उपलब्धता सुनिश्चित गर्न सामाजिक नक्सा तयार गर्ने कार्य, चर्पी निर्माण कार्यमा न्यूनतम सहयोग पुऱ्याउनै पर्ने अवस्थाका मानिसहरूको पहिचानका लागि सम्पन्नता स्तरीकरण कार्यहरूलाई अघि बढाउने गर्दछ।

समुदायमा पूर्ण सरसफाइ अभियानको आधारभूत प्रावधानको जानकारी गराउन अभिमुखीकरण गरिनुका साथै शान्ति प्रवर्धन केन्द्रका सहभागीहरू सहित घरदैलो अभियान सञ्चालन गरिन्छ।

समुदाय पूर्ण सरसफाइको बाटोमा अघि बढिरहँदा प्रभावकारी अनुगमन कार्यका माध्यमद्वारा कामको गुणस्तर सुनिश्चित गरिन्छ। समुदायहरू खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भएपछि सरसफाइ कार्यलाई दिगो बनाउन आवश्यक कोषको व्यवस्था गर्ने कामलाई प्राथमिकता दिइन्छ।

## उपलब्धिहरू

प्युठान जिल्लालाई सन् २०१३ सम्ममा खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने अभियानमा सेवा प्रदायक संस्थाहरूको सहकार्य भई सो प्रयोजनका लागि पाँच वर्षे रणनैतिक योजना तयार भएको छ।

शान्ति प्रवर्धन केन्द्रहरू आफ्नो क्षेत्रलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने अभियानमा प्रतिबद्ध भएका छन्। उदाहरणका लागि बिजुवार - ८ इन्द्रेडाँडा गाउँ खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भइसकेको छ भने नेपाल रेडक्रस सोसाइटी प्युठान शाखाको सहकार्यमा अन्य चार वटा गाउँ खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भएका छन्।

तीन वटै शान्ति प्रवर्धन केन्द्रहरूले खैरा २ सरङकोटको १ सय ४० घरधुरी, बाङ्गेमरोठ - ७ को ५३ घरधुरी, तिराम - २ र २७ दाखाक्वाडिको ३ र ४ को घरधुरी रहेको क्षेत्रलाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने अन्तिम तयारी भइसकेको छ।

आशा कार्यक्रमको हरेक आयोजना क्षेत्रहरूमा शौचालय निर्माण गरी खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने अभियानमा अगाडि बढेको छ।

यस कार्यक्रम अन्तर्गत सामाजिक सम्पन्नताकरण प्राप्त नतिजाका आधारमा समुदायमा अत्यन्त कमजोर बन्दोबस्त भएका परिवारलाई चर्पी निर्माणका लागि प्यान खरिदका लागि न्यूनतम सहयोग प्रदान गरिएकोमा त्यसबाट दुई सत्ताइस शौचालय निर्माण भएका छन्।

सरसफाइ क्षेत्रमा कार्य गर्ने संस्था तथा कार्यालयको अनुदान नीतिमा एकरूपताका लागि कार्य सञ्चालन

निर्देशिका अन्तिम चरणमा रहेको छ। गाउँ विकास समितिहरूले सरसफाइका क्षेत्रमा ३० हजारदेखि एक लाख रूपैयाँसम्म रकम विनियोजन गरेका छन्। अन्य जिल्लाका गाविसहरूले पनि सरसफाइलाई यसरी नै प्राथमिकता दिने हो भने सरसफाइको लक्ष्य हासिल गर्ने कार्य धेरै सहज हुने देखिन्छ। यसका साथै जिल्लामा सरसफाइ प्रवर्धनका लागि खानेपानी तथा ढल निकास विभागबाट पाँच लाख र केयर नेपाल आशा कार्यक्रमबाट चार लाख रूपैयाँ बास्केट फण्डमा विनियोजन गरिएको छ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा सूचना डेस्कको स्थापना भएकाले सरसफाइ र खानेपानीसम्बन्धी अद्यावधिक जानकारीहरू प्राप्त गर्न सरलता थपिएको छ।

## सिकाई तथा अनुभवहरू

सरसफाइ विकासको अभिन्न सवालको रूपमा सेवा प्रदायक संस्थाहरूले आत्मसात गरेका छन्। सन् २००८ भित्र १० वटा गाविसको कम्तिमा ५० प्रतिशत घरधुरीमा शौचालयको निर्माण तथा उचित प्रयोग गर्ने लक्ष्य रहेको पाँच वर्षे रणनैतिक योजना तर्जुमा भएको छ।

सेवा प्रदायक संस्थाहरूको सहकार्यमा अगाडि बढेका सरसफाइसम्बन्धी क्रियाकलापहरूको प्रभावले गर्दा केन्द्र, समूह र समितिमा खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने अभियानमा सकारात्मक प्रतिस्पर्धा हुन थालेको पाइएको छ।

न्यूनतम अनुदान वा अनुदान बिना चेतनाको माध्यमबाट मात्र शौचालयको सही सदुपयोग हुने महशुस भएको छ। सुरुमा बाङ्गेमरोठ-७ मा ५३ वटा खाल्डे चर्पी बनेकोमा हाल उक्त समुदायका ती सबै चर्पी प्रयोगकर्ताहरूले प्यान जडान भएको शौचालय निर्माण गरी समुदायलाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने तयारीमा रहेका छन्।

खुल्ला दिसामुक्त क्षेत्र घोषणाका लागि विद्याय, स्वास्थ्य संस्था, सेवा केन्द्रहरू तथा सार्वजनिक स्थलका शौचालय समेतलाई ध्यान दिई कार्यान्वयन गर्नुपर्ने सिकाई प्राप्त भएको छ। सरसफाइका लागि पर्याप्त पानीको व्यवस्थाको लागि समुदायलाई सेवा प्रदायक संस्थासम्मको पहुँचमा वृद्धि गर्नुपर्ने देखिएको छ।

टोल, बस्ती हुँदै पूरै गाविसलाई दिसामुक्त क्षेत्र घोषणा गर्दा कार्यान्वयन तहमा सहज हुने अनुभव हासिल भएको छ। सरसफाइलाई निरन्तरता र दिगोपनाका लागि बस्ती, वडा र गाविस स्तरीय सरसफाइ समिति तथा कोषको व्यवस्था गनुपर्ने आवश्यकता रहेको छ।

बस्ती, टोल र गाविसहरू मात्र नभई सिङ्गो प्युठान जिल्लालाई सरसफाइयुक्त बनाउनका लागि २०६५ पुष महिनाको पहिलो सातामा प्युठान घोषणापत्र समेत तयार भएको छ। सरसफाइका जिल्लास्थित सरोकारवालाहरूको संलग्नता तथा केयर नेपाल, आशा कार्यक्रमको सहजीकरणमा तर्जुमा गरिएको एक गोष्ठीले सरसफाइको सवाल मानव स्वास्थ्यका अतिरिक्त आत्मसम्मान र विकाससँग जोडिएको विषय पनि हो भन्ने कुरालाई हृदयङ्गम गरी सरसफाइलाई विकासको एउटा अहम् मुद्दा बनाउँदै सन् २०१३ को अन्त्यसम्ममा प्युठान जिल्लालाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गरी सरसफाइ नमूना जिल्ला बनाउने साझा अभियानका लागि उक्त घोषणापत्र जारी गरेको हो। यसैगरी सो समयभित्रमा जिल्लालाई सरसफाइमा नमूना बनाउनका लागि 'घरघरमा चर्पी जिल्लाको शान, पूर्ण सरसफाइयुक्त प्युटान हाम्रो पहिचान' एवं "सन् दुई हजार तेह्र, सरसफाइयुक्त प्युठान हेर' भन्नेजस्ता नाराहरू किटान गरिएका छन्।

**यादव खड्का**
**प्रतिनिधि**
**कालिका विकास केन्द्र नेपाल**
**प्युठान**

# प्युठान घोषणापत्र २०६५

१. सन् २०१३ को डिसेम्बर अन्त्यसम्ममा प्युठान जिल्लाका सबै बस्ती, टोल, वडा, गाउँ विकास समिति हुँदै समग्र जिल्लालाई नै खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिनेछ ।

२. निर्धारित लक्ष्यलाई केन्द्रबिन्दुमा राखी आजकै दिनदेखि जिल्लास्थित राजनैतिक दल, सरकारी, गैरसरकारी, निजी तथा सामाजिक संघ/संस्था, कार्यालय र निकायहरू, एवं आमसंचार माध्यमले आ-आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दा सरसफाइको अभियानलाई सबैको साझा अभियान बनाउँदै प्राथमिक कार्यसूचीमा राखेर हरेक क्रियाकलाप सञ्चालन एवं कार्यान्वयन गरिनेछ ।

३. सन् २०१३ को अन्त्यसम्ममा सम्पूर्ण जिल्लालाई नै खुल्ला दिसामुक्त एवं नमूना सरसफाइ जिल्ला बनाउने दीर्घकालीन लक्ष्यमा सफलता प्राप्तिका लागि हाल *खुल्ला दिसामुक्त भैसकेको बिजुवारको इन्द्रेडाँडा*को सिको गर्दै क्रमश: बिभिन्न टोल, बस्ती, वडा एवं गाउँ विकास समितिहरूलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्दै लगिनेछ ।

४. अभियानलाई प्रभावकारी बनाउनका लागि छिट्टै जिल्ला विकास समिति प्युठान र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय प्युठानमा सरसफाइ सूचना डेस्क स्थापना गरी अभियानकर्ताका रूपमा परिचालित सम्पूर्ण सञ्जालबाट सूचना एवं तथ्याङ्क अध्यावधिक गरी योजना अनुरूप कार्यान्वयन भए नभएको अनुगमन समितिबाट प्रभावकारीरूपमा अनुगमन पनि गरिनेछ ।

५. सम्भावित भूगोल र क्षेत्रको पहिंचान गर्दै सरसफाइ अभियानका कार्यक्रमहरू सञ्चालन गर्नका लागि नीतिगत पैरवी अभियानलाई प्रभावकारी बनाउँदै जिल्ला विकास समिति, प्युठान र गाउँस्तरमा गाउँ विकास समितिको नेतृत्वमा डाले कोष (बास्केट फण्ड) व्यवस्था गरी परिचालन गरिनेछ ।

६. जिल्लामा खानेपानी तथा सरसफाइ सँग सम्बन्धित योजना अन्तर्गत आयोजनाको कुल बजेटको २० प्रतिशत रकम सरसफाइको क्षेत्रमा बिनियोजन गरिनेछ । यसका साथै जिल्ला विकास समिति, गाउँ विकास समिति अनुदान र सांसद क्षेत्र विकास कोषको रकम विनियोजन गर्दा केही प्रतिशत रकम सरसफाइको क्षेत्रमा अनिवार्य रूपमा विनियोजन गर्ने अनुमति दिन जिल्ला परिषदलाई अनुरोध गर्ने ।

७. जिल्लामा काम गर्ने गरी आउने दातृ निकायहरूले कुनै पनि कार्यक्रम संचालन गर्दा केही प्रतिशत रकम सरसफाइका क्षेत्रमा विनियोजन गर्ने वा डाले कोषमा जम्मा गरेपछि मात्र कार्यक्रम सञ्चालन गर्ने अनुमति दिन जिल्ला विकास समितिलाई अनुरोध गर्ने ।

८. सरसफाइ अभियानलाई सफल बनाउनका लागि आमसञ्चारका माध्यमको भूमिकालाई अझ फराकिलो बनाउँदै रेडियो कार्यक्रम र प्रस्तावित जनचेतनामूलक कार्यक्रमहरूको निरन्तरता एवं थप सुधारका लागि सामूहिक अभियानका रूपमा विकास गरिनेछ ।

९. आजैका दिनदेखि आ-आफ्ना तर्फबाट सरसफाइ अभियानलाई सार्थक बनाउन प्रयास गरिनेछ । सरकारी कार्यालय, गैरसरकारी संघसंस्था, राजनैतिक दल, सामाजिक संस्था, विद्यालय र निजी क्षेत्र सबैले यस प्रयासको थालनी आफ्नै कार्यालय र घरबाट सुरु गरिनेछ ।

१०. सरसफाइ अभियानलाई प्रचारात्मक हिसाबले पनि प्रभावकारी बनाउनका लागि सम्बद्ध सरकारी, गैरसरकारी संस्था, निजी क्षेत्र, विद्यालय, क्याम्पस तथा स्थानीय निकायहरूले लेटरप्याड, चिठीको खाम तथा अन्य प्रकाशनहरूमा सन्देशमूलक नारा *'सन दुई हजार तेह्र, पूर्णसरसफाइ यूक्त प्युठान हेर'* र *'घरघरमा चर्पी जिल्लाको सान, सरसफाइपूर्ण प्युठान हाम्रो पहिंचान'* उल्लेख गरी प्रचार प्रसार कार्य आजकै दिनदेखि आरम्भ गरिनेछ ।

# समुदायको अगुवाईमा सबैको लागि आधारभूत सरसफाइ पद्धति (CLBSA) : औचित्य र सान्दर्भिकता

## सन्दर्भ

संयुक्त राष्ट्र संघले खानेपानी र सरसफाइको सुविधालाई सन् २००२ मा मानवको आधारभूत अधिकारका रूपमा अंगिकार गरेको छ। तर हालसम्म पनि ४६ प्रतिशत नेपालीको मात्र आधारभूत सरसफाइ सुविधामा पहुँच छ भनें ७६ प्रतिशत जनसंख्याले मात्र स्वच्छ खानेपानीको सुविधा पाएका छन्।(NDHS 2006) एकातिर यो अवस्था विद्यमान छ भने संयुक्त राष्ट्र संघले सन् २०१५ सम्ममा सरसफाइको सुविधाबाट वञ्चित रहेका विश्व जनसंख्यालाई आधा गर्ने सहस्राव्दी लक्ष्य लिएको छ। त्यसैगरी नेपाल सरकारले सन् २०१७ सम्ममा सम्पूर्ण नेपालीलाई आधारभूत सरसफाइ र स्वच्छ खानेपानीको सुविधा पुऱ्याउने लक्ष्य लिएको छ, जुन अहिलेको परिप्रेक्ष्यमा अत्यन्त चुनौतीपूर्ण देखिएको छ।

हासिल गर्नुपर्ने लक्ष्य धेरै महत्वाकांक्षी भएको र लक्ष्य प्राप्तिको समय सीमा ज्यादै कम भएको अहिलेको अवस्थामा पुरानै पद्धति र तौरतरिकाबाट काम गर्ने हो भने यी लक्ष्यहरू प्रााप्त गर्न कठिन छ। तसर्थ जनतामा आधारित प्रभावकारी र दिगो पद्धति अवलम्बन गर्दै अघि बढ्नु आवश्यक छ। यस क्रममा समुदायको अगुवाईमा सबैको लागि आधारभूत सरसफाइ पद्धति (CLBSA) लाई प्रभावकारी र समय सापेक्ष मानिएको छ।

## उद्भव, आत्मसात र विकास

समुदायको अगुवाईमा पूर्ण सरफाइ पद्धति (CLTS) को थालनी सन् १९९९ मा बंगलादेशबाट भएको हो। यस पद्धतिको अवलम्बन गरेर सञ्चालन भएका कार्यक्रमहरूले सरसफाइ प्रवर्धनमा पुऱ्याएको योगदानलाई दृष्टिगत गरी यस पद्धतिलाई हाल एशिया र अफ्रिका महादेशका धेरै मुलुकहरूले अवलम्बन गर्दै आएका छन्।

दक्षिण एशियाली मुलुकहरूमा राज्य स्तरबाटै यस पद्धतिलाई अङ्गिकार गरिसकिएको छ। हालसम्म सम्पन्न भएका सरसफाइसम्बन्धी तीन वटै दक्षिण एशियाली मन्त्रिस्तरीय सम्मेलनहरूले सरसफाइको वृहत्तर प्रवर्धनका लागि यस पद्धतिको महत्व र आवश्यकतालाई आत्मसात गरेका छन्।

नेपालका सन्दर्भमा ग्रामीण खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय रणनिति २०६० ले यो पद्धतिलाई अवलम्बन गरेको छ। नेपालको खानेपानी र सरसफाइ प्रवर्धनका लागि कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू वाटर एड नेपाल र प्लान नेपालले नेपालमा यो पद्धतिको थालनी र प्रवर्धन गर्न उल्लेख्य सहयोग पुऱ्याएका छन्।

नेपालको खानेपानी र सरसफाइ प्रवर्धनमा लामो समयदेखि कार्यरत गैरसरकारी संस्था नेपाल स्वास्थ्यको लागि पानी (नेवा) ले सन् २००३ देखि यो पद्धतिलाई आफ्ना केही खानेपानी तथा सरसफाइ आयोजनाहरूमा परीक्षण आयोजनाका रूपमा लागू गऱ्यो। यसैगरी खानेपानी र सरसफाइ क्षेत्रमा कर्यरत अन्य संघ संस्थाहरूले पनि यस पद्धतिलाई अवलम्बन गर्दै आएका छन्।

करिव चार वर्षसम्म देशका विभिन्न समुदायहरूमा परीक्षणका रूपमा समुदायको अगुवाईमा पूर्ण सरसफाइ पद्धतिअनुरूप सरसफाइ कार्यक्रम सञ्चालन गरिसकेपछि यस पद्धतिले लिएको दिशा, प्रभाव र यसका विविध पक्षबारे थाहा पाउने हेतुले सन् २००७ मा नेवाले स्वतन्त्र मूल्याङ्कनकर्ताहरूद्वारा यस पद्धतिको मूल्याङ्कन कार्य सम्पन्न गऱ्यो। उक्त मूल्याङ्कनले यस पद्धतिअनुरूप सरसफाइ प्रवर्धनमा महत्वपूर्ण टेवा पुगिराखेको भए पनि आगामी दिनमा सञ्चालन हुने आयोजनाहरूमा थप सुधारसहित यस पद्धतिलाई लागू गर्नुपर्ने सिफारिसहरू प्रस्तुत गऱ्यो, जसमध्ये मुख्य निम्नलिखित थिए :

- सरसफाइमा दिइएको अनुदान अति विपन्न समूहसम्म पुग्न नसकेको
- आर्थिक रूपमा राम्रो बन्दोबस्त भएका वर्ग पनि चर्पीको अनुदानका लागि आशावादी र प्रतीक्षारत भएको पाइएको
- अनुदान पद्धतिले समुदायमा परनिर्भरता बढाएको र कार्यक्रममा उनीहरूलाई आफ्नोपनको महशुस कम गराएको
- पुराना पद्धतिबाट काम गर्दा अपेक्षित मात्रामा समुदायहरू खुल्ला रूपमा दिसा पिसाब मुक्त क्षेत्र घोषणा हुन नसकेको

यी सिफारिसहरूका आधारमा उल्लिखित अवस्थामा सुधार ल्याई कार्यक्रमलाई अझ प्रभावकारी र लक्षित वर्गप्रति उत्तरदायी र उन्मुख बनाउनका लागि आधारमा समुदायको अगुवाईमा सबैका लागि आधारभूत सरसफाइ पद्धति (CLBSA) को सूत्रपात गरिएको हो। यसका आधारभूत सिद्धान्तहरू समुदायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ पद्धतिले निर्दिष्ट गरे बमोजिमकै हुन्। यसले सरसफाइ कार्यक्रमलाई बढीभन्दा बढी समावेशी र जनउत्तरदायी बनाउन ध्यान दिएको छ। समुदायमा पूर्ण सरसफाइको अवस्था हासिल गर्न सर्वप्रथम त्यहाँ आधारभूत सरसफाइको अवस्था हासिल हुनु पर्दछ भन्ने मान्यताका आधारमा यो सिद्धान्त अघि आएको हो, जुन समुदायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ पद्धतिकै परिमार्जित रूप हो।

CLBSA पद्धतिले स्थानीय ज्ञान, सीप, स्रोत र साधनको अधिकतम उपयोग र परिचालनमा जोड दिन्छ। यो पद्धति कार्यक्रम नभई एक अभियान हो। नेवाले सन् २००७ देखि अफ्ना आयोजनाहरूमा यो पद्धति अनुरूप कार्यक्रम सञ्चालन गर्दै आएको छ।

## पद्धतिका आधारहरू

समुदायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ पद्धतिको मूल्याङ्कनबाट प्राप्त सिफारिसहरू नै समुदायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ पद्धतिका मुख्य आधार हुन्। सरसफाइसम्बन्धी दक्षिण एशियाली सम्मेलनहरूबाट पारित घोषणापत्रहरूले पनि CLBSA को मर्मलाई अङ्गिकार गरेका छन्। यसैगरी ग्रामीण खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय रणनिति २०६० ले पनि राज्य स्तरबाट यो अवधारणलाई आत्मसात गरेको छ। नेवाले सरसफाइ प्रवर्धनका क्षेत्रमा लामो समयदेखि काम गर्दा हासिल गरेको अनुभवसिद्ध ज्ञानले पनि यो पद्धतिको उद्‌भव गर्नमा भूमिका निर्वाह गरेको छ।

यो पद्धतिले समुदायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ पद्धतिका विधि र सिद्धान्तहरूलाई पूर्ण रूपमा आत्मसात गरेको छ। यस अन्तर्गत समुदायका सदस्यहरूको मनमा चेतनाको झिल्को बाल्नका लागि प्रारम्भमा 'इग्निसन पिआरए' कै सहारा लिइन्छ। जस अन्तर्गत धरातलीय वा शरमपूर्ण हिँडाई, दिसा सहितको सामाजिक नक्सा, दिसाको लेखाजोखा, दिसा जाने बाटाको खोजी, नाराजुलुस सहित झण्डा गाड्ने कार्य, सरसफाइका लागि प्रतिबद्धता व्यक्त गर्ने तथा हौसला दिने कार्य एवं अवलोकन भ्रमणहरू पर्दछन्। दोस्रो चरणमा खुल्ला रूपमा दिसा नगर्ने अभियानलाई अघि बढाई समुदायलाई खुल्ला रूपमा दिसा नगर्ने समुदायका रूपमा घोषणा गरिन्छ। यस अन्तर्गत प्रतिबद्धतालाई व्यवहारमा उतार्ने समुदायलाई पुरस्कृत गर्ने काम गरिन्छ।

समुदायको अगुवाईमा सबैको लागि आधारभूत सरसफाइ पद्धतिले निर्दिष्ट गरेका थप कुराहरू तेस्रो चरण अन्तर्गत पर्दछन्। यस अन्तर्गत समुदायमा आधारभूत सरसफाइका सूचकहरू तयार गरिन्छ। जस अन्तर्गत स्वास्थ्य र सरसफाइ प्रवर्धनलाई बढावा दिइन्छ। समुदायलाई खुल्ला दिसा मुक्त क्षेत्र बनाउनका लागि सुरुमा बनेका चर्पीहरूको स्तर सुधार (आवश्यकता भएमा) गर्न ध्यान दिई आधारभूत आधारभूत सरसफाइको अवस्थाको घोषणा गरिन्छ। यस पद्धतिको अन्तिम लक्ष्य पूर्ण सरसफाइयुक्त समुदायको स्थापना गर्नु नै हो।

## सिकाईहरू

यस पद्धतिको अनुसरणबाट नेवाले सरसफाइ प्रवर्धनका क्षेत्रमा विविध सिकाईहरू हासिल गरेको छ। सबैभन्दा महत्वपूर्ण कुरा अनुदान बिना नै खुल्ला रूपमा दिसा पिसाब गर्ने अभ्यास, बानी र संस्कारलाई रोक्न सम्भव छ भन्ने कुरा प्रमाणित भएको छ।

बालबालिका तथा महिलाहरू परिवर्तनका महत्वपूर्ण वाहक हुन् र उनीहरूको भूमिका सामाजिक रूपान्तरणका लागि उल्लेखनीय हुने गर्दछ भन्ने तथ्य यस पद्धतिले प्रमाणित गरेको छ। यसैगरी यो पद्धतिअनुसार कार्यक्रम सञ्चालन गर्दा सक्षम र योग्य प्राकृतिक नेतृत्वको आवश्यकता हुन्छ भन्ने अर्को सिकाई रहेको छ।

यस पद्धतिअनुरूप कार्यक्रमलाई सुचारु रूपले अघि बढाउन कुशल र सक्षम सहजीकरणको आवश्यकता हुन्छ। सरसफाइसम्बन्धी बजार र स्थानीय रूपमा सामग्रीको उपलब्धता भएमा चर्पी निर्माण र उचित प्रयोगमा समेत धेरै सहजता थपिन्छ। सरसफाइ सामग्रीको उपलब्धताले चर्पी निर्माण तथा प्रयोगमा शीघ्रता र प्रभावकारिता ल्याएको व्यवहारसिद्ध तथ्य हो।

मानिसहरूमा सरसफाइसम्बन्धी आनीबानीलाई आत्मसात गरी दिगो रूपमा अघि बढाउन केही समय लाग्ने भएकाले यस अवधारणाअनुरूप सञ्चालित कार्यक्रममा प्रभावकारी अनुगमन र मूल्याङ्कन जरुरी छ। समुदायको अगुवाईमा सञ्चालन भएका अन्य कार्यक्रमहरूमा झैं यस कार्यक्रममा पनि आपसी एकता र आत्मसम्मानमा वृद्धि भएको पाइएको छ।

यो पद्धति कुनै यन्त्रिक र जडसुत्रवादी सिद्धान्त होइन। भौगोलिक, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाअनुसार यस पद्धतिलाई परिमार्जन गर्न सकिन्छ र गर्नु पर्दछ। समुदायको अगुवाईमा सबैको लागि आधारभूत सरसफाइ पद्धति पनि यही सोचबाट विकास भएको हो।

यस पद्धतिका विधिहरू धेरै प्रभावकारी सिद्ध भएका छन्। यो पद्धतिअनुरूप सञ्चालित कार्यक्रम लागू भएका ठाउँमा अन्य समुदायका सदस्य तथा अगुवाहरूले गरेका अवलोकन भ्रमणहरूले ती समुदायमा यस पद्धतिको अनुसरण गर्न ठूलो मद्दत पुगेको देखिएको छ। छिमेकी समुदायमा समेत यसको प्रभाव सकारात्मक रहेको पाइएको छ।

## चुनौतीहरू

सबैका लागि सरसफाइको लक्ष्य हासिल गर्ने दिशामा व्यावहारिक रूपमा केही व्यवधान देखिएका छन्। तीमध्ये सबैभन्दा मुख्य हो - चर्पी निर्माणका लागि जमीनको अभाव। घर बनाउनका लागि नै जमीन नपाइराखेका हजारौं हजार नेपालीहरूले चर्पी बनाउनका लागि जमीन जुटाउन नसकिरहेको अवस्था विद्यमान छ। यस्तो अवस्थामा रहेका मानिसहरू चर्पीको आवश्यकता र महत्वप्रति सजिलै सकारात्मक हुन सक्दैनन्।

यसैगरी परम्परागत अवधारणा अनुरूप सञ्चालन गरिएका सरफाइ कार्यक्रमहरू, खासगरी चर्पी निर्माणमा अनुदान दिने चलनले मानिसहरूलाई आशावादी बनाएको छ। यसले मानिसहरूमा परावलम्बी भावना पैदा भएको छ र आर्थिक रूपले चर्पी बनाउन सक्ष्म मानिसहरू पनि अनुदान पाइने आशामा चर्पी नबनाई बसेका छन्।

स्थानीय निकायहरू कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्न, विभिन्न निकाय र समुदायको समन्वय गर्न तथा कार्यक्रमका लागि आवश्यक पर्ने कोषको व्यवस्था गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। तर हाल देशमा लामो समयदेखि निर्वाचित स्थानीय निकायको अभाव भएको हुनाले यो पद्धतिअनुरूप सञ्चालन हुने कार्यक्रमलाई अपेक्षित मात्रामा प्रभावकारी बन्न दिएको छैन।

यसैगरी विकासलाई हेर्ने परम्परागत दृष्टिकोणले पनि यस पद्धतिअनुरूप कार्यक्रम सञ्चालन गर्न चुनौती थपेको छ। मानिसहरूमा 'विकास भनेको आफ्ना लागि हो र यो आफैंले गर्नुपर्छ' भन्ने भावनाको विकास हुन नसक्दा वाह्य संस्थाहरूको सहजीकरणमा सञ्चालित कार्यक्रमप्रति समुदायको अपनत्वको अभाव हुन्छ। यस्तो सोचलाई पूर्ण रूपमा हटाउनका लागि जनउत्तरदायी कार्यक्रम र उचित सहजीकरणको आवश्यकता पर्दछ।

## आगामी कार्य दिशा

यस पद्धतिलाई अघि बढाउनका लागि क्षेत्रगत सहकार्य तथा ऐक्यबद्धताको आवश्यकता छ। हाल तर्जुमाका क्रममा रहेको सरसफाइसम्बन्धी राष्ट्रिय गुरुयोजनामा यस पद्धतिका मर्महरूलाई समावेश गर्न सकेमा यो पद्धतिलाई अघि बढाउन सजिलो पर्ने देखिएको छ। यस पद्धतिअनुरूप सञ्चलित कार्यक्रमको प्रभाव र दिगोपनको स्तर थाहा पाउनका लागि समय-समयमा मूल्याङ्कन कार्य गर्नु आवश्यक छ। यस पद्धतिका बारेमा पैरवी र हासिल भएका अनुभवको आदानप्रदान गर्ने वातावरण भएमा यसप्रतिको चासो बढ्न गई अझ परिमार्जित गर्नका लागि आधारहरू प्राप्त हुन्छन्। यसैगरी यो पद्धतिअनुरूप कार्यक्रम सञ्चालन गर्न स्थानीय संघ संस्था र सहजकर्ताहरूको क्षमताको विकास तथा प्रवर्धन गर्न पनि आवश्यक छ।

**हिमालय पन्थी**
**सामाजिक विकास विभाग प्रबन्धक**
**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**
**प्रधान कार्यालय, काठमाडौं**

# संक्षेपीकरण तथा उपसंहार

कुनै पनि काम गर्दा हासिल भएका अनुभव र सिकाईहरू भविष्यका लागि मार्गदर्शक हुन्छन् । नेपालमा सरसफाइ प्रवर्धनका लागि हाल अपनाइएका अवधारणा तथा हासिल भएका सिकाईहरूको आदान प्रदानले यस क्षेत्रमा भविष्यमा गरिने सोही प्रकृतिका काममा अवश्य प्रभाव पार्छन् भन्ने कुरामा कसैको विमति नहोला ।

विभिन्न संघ संस्थाहरूले अवलम्बन गरेको समुदायको अगुवाईमा पूर्ण सरसफाइ पद्धतिलाई अवलम्बन गरि एका कार्यक्रमहरूले यतिखेर समुदायहरूमा उल्लेखनीय प्रभाव छाड्न सफल भएको पाइएको छ। समुदायको अगुवाईमा सरसफाइ कार्यक्रम मात्र नभई सम्पूर्ण विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गरेको खण्डमा तिनको असर दिगो र प्रभावकारी हुन्छ भन्ने अनुभवसिद्ध ज्ञान हासिल भइसकेको छ।

सरसफाइ मानव स्वास्थ्यका साथसाथै आत्मसम्मान र विकाससँग जोडिएको विषय पनि भएकाले यस विषयले राष्ट्रिय प्राथमिकता पाउनु पर्छ भन्ने आवज यस क्षेत्रका अभियन्ताहरूले उठाइरहेका छन्। सरसफाइ र खानेपानी क्षेत्रमा किटान गरिएका सहस्राब्दी र राष्ट्रिय लक्ष्यहरू हासिल गर्न पनि यस विषयलाई प्राथमिकता दिनु पर्दछ ।

समुदायको अगुवाईमा पूर्ण सरसफाइको अवधारणाले समुदायका मानिसहरूको बानी व्यवहार मात्र नभई पूरै समाजको स्वास्थ्य रक्षा गर्दछ र आत्मसम्मान बढाउँछ भन्ने तथ्यप्रति आज यहाँ प्रस्तुत गरिएका कार्यपत्रहरूको मतैक्य रहेको पाइयो। समुदायको अगुवाइमा पूर्ण सरसफाइ अभियानलाई अगाडि बढाउन चालिएका कदमहरू नेपालको धरातलीय यथार्थसँग मिल्दाजुल्दा पाइएका छन्। यसरी खारिएको पद्धतिले नै वास्तविक रूपमा यस क्षेत्रमा क्रान्ति ल्याउनेछ भन्ने ठोकुवा गर्न सकिन्छ।

यतिखेर टोल, गाउँ र गाविस मात्र नभई पूरै जिल्लालाई नै खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने अभियानको थालनी भएको जानकारी पाइएको छ, जुन अत्यन्त उत्साहजनक कुरा हो। यो अभियानलाई अघि बढाउन अपनाइएका प्रक्रियाहरू वास्तवमै जनकेन्द्रित छन्।

विद्यालयलाई प्रवेश विन्दु बनाई सञ्चालन गरिएका पूर्ण सरसफाइ पद्धतिहरूले पनि सरसफाइ प्रवर्धनमा उल्लेखनीय योगदान पुऱ्याएको पाइयो। शिक्षकवर्ग तथा विद्यालय व्यवस्थापन समिति समुदायका लागि पथ प्रदर्शक तथा विद्यार्थीहरू परिवर्तनका संवाहक हुन् भन्ने तथ्यमा आधारित यस पद्धतिले शिक्षण संस्थाहरूलाई पनि सामाजिक दायित्व पूरा गर्ने बाटो खुलाइदिएको छ।

जिल्लालाई पूर्ण सरसफाइको बाटोमा अघि बढाउन जारी भएको प्युठान घोषणापत्र खानेपानी तथा सरसफाइ क्षेत्रका लागि राम्रो उदाहरण र अग्रगामी कदम हो। यस घोषणापत्रले प्युठान जिल्लालाई मात्र नभई देशका अन्य जिल्लाहरूलाई पनि सरसफाइ प्रवर्धनका कार्यमा अघि बढ्ने उर्जा प्रदान गर्नेछ।

नेपालमा सरसफाइ क्षेत्रमा हासिल गर्नुपर्ने लक्ष्य धेरै महत्वाकांक्षी छ तर लक्ष्य प्राप्तिको समय सीमा ज्यादै कम भएको कुरामा आज प्रस्तुत सबै कार्यपत्रहरू सहमत छन्। अब पनि पुरानै तौर तरिकाबाट काम गरेर यी लक्ष्यहरू हासिल गर्न सकिँदैन भन्ने महशुस भएर नै यस क्षेत्रका सरोकारवालाहरूले समुदायको अगुवाईमा सरसफाइ प्रवर्धन कार्यलाई अघि बढाउने सोच लिएका हुन्। यो पद्धतिलाई बाहिरबाट जस्ताको तस्तै ग्रहण गर्नुभन्दा पनि परीक्षण र कार्यक्रमको मूल्याङ्कन पश्चात् यसलाई समय सापेक्ष बताउन गरिएका प्रयासहरू सह्राहनीय छन्। समुदायको अगुवाईमा सबैका लागि आधारभूत सरसफाइ पद्धतिलाई यस्तै प्रयासको उपज मान्न सकिन्छ।सरसफाइ कार्यक्रमलाई बढीभन्दा बढी समावेशी र जनउत्तरदायी बनाउनका लागि गरिएका यस्ता समयसापेक्ष संसोधनहरूलाई सबैले आत्मसात गर्नुपर्छ र एकबद्ध रूपले अघि बढ्नु पर्दछ।

सरसफाइ प्रवर्धनका क्षेत्रमा लामो समयदेखि काम गरेका संस्थाहरूको अनुभवसिद्ध ज्ञान ती संस्थाहरूका लागि मात्र नभई यस क्षेत्रकै साझा सम्पत्ति हुन् । त्यसैले त्यस्ता ज्ञान र सिकाईहरूको आदानप्रदान भइरहनु पर्दछ । यो परिसंवाद कार्यक्रमले ज्ञान र अनुभव आदानप्रदान गर्ने सस्कारको थालनी गरेको छ । यसले निरन्तरता पाउनु पर्दछ ।

पूर्ण सरसफाइ पद्धतिले अनुदान बिना नै खुल्ला रूपमा दिसा पिसाब गर्ने अभ्यास, बानी र सँस्कारलाई रोक्न सम्भव छ भन्ने कुरा प्रमाणित भएको छ । यसैगरी समुदायको अगुवाईमा सञ्चालन भएका अन्य कार्यक्रमहरूमा झैं यस कार्यक्रममा पनि आपसी एकता र समन्वयको आवश्यकता हुन्छ भन्ने कुरा पनि प्रष्ट भएको छ ।

निश्चय पनि यस अभियान अघि बढाउन चुनौतीहरू छन् । तिनीहरूको सफलतापूर्वक सामना गरेर अघि बढ्नु आजको आवश्यकता हो । जनउत्तरदायी कार्यक्रम र उचित सहजीकरणले यस्ता चुनौतीहरूलाई पार लगाउँछन् । हाल तर्जुमाका क्रममा रहेको सरसफाइसम्बन्धी राष्ट्रिय गुरुयोजनामा यस पद्धतिका मर्महरूलाई समावेश गर्न सकेमा यो पद्धतिलाई अघि बढाउन सजिलो पर्ने देखिएको छ । यस पद्धतिअनुरूप सञ्चलित कार्यक्रमको प्रभाव र दिगोपन थाहा पाउनका लागि समय-समयमा मूल्याङ्कन कार्य गर्नु आवश्यक छ । यस पद्धतिका बारेमा पैरवी र हासिल भएका अनुभवको आदानप्रदान गर्ने वातावरण भएमा यसप्रतिको चासो बढ्न गई अझ परिमार्जित गर्नका लागि आधारहरू प्राप्त हुन्छन् । यसैगरी यो पद्धतिअनुरूप कार्यक्रम सञ्चालन गर्न स्थानीय संघ संस्था र सहजकर्ताहरूको क्षमताको विकास तथा प्रवर्धन गर्न पनि आवश्यक छ भन्ने कुरामा यस कार्यक्रमका प्रस्तोता एवं सहभागीहरूबीच मतैक्य रहेको पाइएको छ ।

**भुवनचन्द्र श्रेष्ठ**
**इन्जिनियर**
**जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**
**कैलाली**

विश्वका अन्य मुलुकहरू विकासको चरम अवस्थामा पुगिसक्दा पनि हामी भने आधारभूत सरसफाइको अभावमा बर्सेनी अपार धनजनको क्षति ब्यहोर्न बाध्य छौं । यो राज्य र नागरिक दुवै तहबाट सरसफाइलाई प्राथमिकता सूचिमा पर्न नसक्दाको परिणाम हो । सबैलाई सरसफाइ र खानेपानीको सुविधा पुऱ्याउने राष्ट्रिय लक्ष्य प्राप्ति गर्ने दिनहरू नजिकिँदै छन्, तर लक्ष्य प्राप्तिका लागि पर्याप्त काम हुन सकेको छैन । तथापि सरसफाइ प्रवर्धनका क्षेत्रमा अवलम्बन गरिएका केही अवधारणा र पद्धतिहरूले गुणात्मक परिवर्तन ल्याउन थालेको देखिएको छ ।

यो पुस्तिका यस्तै अवधारणा र पद्धतिहरू अवलम्बन गर्दा हासिल भएका अनुभव र सिकाइहरूको सानो सँग्रह हो । सरसफाइ र खानेपानी क्षेत्रका सरोकारवालाहरू लगायत अन्य जिज्ञासुहरूका लागि यो उपयोगी हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।


**प्रकाशक**

नेपाल स्वास्थ्यको लागि पानी
मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
नेपालगञ्ज, बाँके

केयर नेपाल,
समुदाय सहयोग (आशा) कार्यक्रम
नेपालगञ्ज, बाँके